# वार्षिक समिक्षा

## गुर्भाकोट नगरपालिका

## आर्थिक वर्ष २०८२/०८३

कृष्ण प्रसाद पोख्रेल

प्रमुख प्रशासकीय अधिकृत



# गुर्भाकोट नगरपालिका



# परिचय

- सुर्खेत जिल्लाको पूर्वमा पर्ने ३ वटा नगरपालिकामध्ये गुर्भाकोट नगरपालिका एक हो।
- यसको क्षेत्रफल २२८.६० वर्ग कि.मि. रहेको छ।
- २०७८ को जनगणना कुल जनसंख्याः ४८,२१६ (४,४५१ बढेको)

  जसमा पुरुष २२,१८३ र महिला २६,०३३ रहेको छ।
- परिवार संख्या ११,७९८ वटा परिवारको औषत आकार ४.०९ जना
- लैङ्गिक अनुपात ८५.२१ रहेको छ। जनघनत्व २११ जना प्रति वर्ग किमि।
- जम्मा वडा संख्या १४ रहेको छ।
- नगरपालिका केन्द्रः- शुभाघाट सुर्खेत।
- नगरपालिकाको साक्षरता दर ८२.८३ % रहेको।

# परिचय

- **मुख्य वजार केन्द्रः-** मेहलकुना वजार, गुमी शिव नगर वजार, वोटेचौर वजार, खरीगैरा, गैरीवजार , शुभाघाट वजार, बडाखोली बजार, भेडावारी बजार ।
- **पर्यटकीय स्थलः-** मालारानी गुफा, खटाङ क्षेत्र, गुमी चुली, कोट, चमेरेगुफा जुरीचुला, धारापानी गुफा, झालेपर, दुरविन डाँडा, राम्रिकाँडा दह लगायतका क्षेत्र ।
- समुन्द्र सतहबाट ४०० मिटर देखि २३१७ मिटरसम्म अग्ला भु भाग रहेका छन् ।
- मुख्य जातजातीहरुः- ब्राम्हण, क्षेत्री, गुरुङ्ग, मगर, दलित, कुसुण्डा, राजी, बोटे, माझी आदि ।

**आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षाका लागि ४ वटा संक्षिप्त उद्देश्यहरू:**

- **लक्ष्य र प्रगतिको मूल्याङ्कन:** सबै शाखाहरूको वार्षिक नीति, बजेट, भौतिक तथा वित्तीय **प्रगतिको संक्षिप्त रुपमा समीक्षा गर्ने।**

- **वित्तीय अनुशासन र राजस्व विश्लेषण:** राजस्व संकलन, आन्तरिक स्रोतको परिचालन र **समग्र आर्थिक प्रशासनको प्रभावकारिता हेर्ने।**

- **सेवा प्रवाह र सुशासन मापन:** नागरिक सेवा, सूचना प्रविधिको प्रयोग, न्यायिक सम्पादन र **सामाजिक सुरक्षा वितरणको अवस्था जाँच गर्ने।**

- **चुनौती पहिचान र आगामी कार्यदिशा:** योजना कार्यान्वयनका समस्या र शाखाहरूबीचको समन्वय सुधार्दै **आगामी वर्षको लागि ठोस रणनीति बनाउने।**

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. निजामति तर्फ जम्मा स्वीकृत दरवन्दी: ५७ पदपूर्तिः ५५ रिक्तः २<br>ख. हाल कार्यरत जम्मा जनशक्तिः ९३ स्थायीः ४२<br>ग. स्वास्थ्य तर्फ जम्मा दरबन्दीः ३३ , पदपूर्तिः ३३ रिक्तः ०<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भएको। |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रशासकीय भवनः भएको ।<br>ख. आफ्नै वडा कार्यालयः भएको वडा संख्या १४ नभएको वडा संख्या ०<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या १४ नपुगेको वडा संख्या ० |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्याः १८ ख. नियमावलीको संख्याः १३<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्याः ४३ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजनाः बनेको (बनेको भएः प्रथम/दोश्रो)<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचनाः बनेको<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरणः बनेको<br>घ. भूउपयोग योजनाः बनेको।<br>ङ. स्थानीय भवन निर्माण मापदण्डः बनेको<br>च. राजस्व सुधार कार्ययोजनाः बनेको<br>छ. आन्तरिक नियन्त्रण प्रणालीः बनेको। |

# आर्थिक प्रशासन शाखा तर्फः

## नगरपालिकाको आम्दानी

- आन्तरिक आम्दानीः- १,४४,९४,६१४/-
- मुख्य श्रोतहरुः- एकिकृत सम्पत्ती कर, सिफारिस दस्तुर,दण्ड जरिवाना, घर वहाल कर आदि ।
- समानिकरण अनुदानः- १४,४१,७८,६५० ।– (संघ र प्रदेश दुवैको )
- राजस्व वाँडफाँडबाटः- १५,२६,०३,४२४ ।- (संघ र प्रदेश र स्थानीय तह )
- सशर्त चालु अनुदानः- ३१,९३,१४,२८१।- (संघ र प्रदेश दुवैको )
- सशर्त पुँजीगत अनुदानः- ३,०३,६६,५४२।- (संघ र प्रदेश दुवैको )
- विशेष अनुदानः- १,३६००,१७१।- (संघ र प्रदेश दुवैको )
- समपूरक अनुदानः- १,२०,७८,१०५।- (संघ र प्रदेश दुवैको )

जम्मा आम्दानीः- ७२,२६,५८,९६४।- (प्रक्षेपित आय ७९,६१,८३,०२४।- को ९०.७६% आय)

# नगरपालिकाको खर्च

- **चालु खर्चः- ५०,१३,७३,९१३।–**

  - सम्पूर्ण कर्मचारी, स्वास्थ्य कर्मी, शिक्षकहरुको तलव/ भत्ता, प्रशासनिक खर्च, विद्यालयलाई दिने अनुदान, सशर्त अनुदानका भवन निर्माण।

- **पुँजीगत खर्चः- १५,२०,०६,६७८।–**

  - विकास निर्माण सम्वद्ध काम, पुँजीगत कामहरु ।

- **जम्मा खर्चः- ६५,३३,८०,५९१।–**

# आर्थिक वर्ष (२०८२/८३) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

| स्रोतको किसिम | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | १२५९२६ | ९८५५२ | ७८.२६ प्रतिशत |
| | प्रदेश | १८२५२ | १८२५२ | १०० |
| सशर्त अनुदान | सङ्घ | ३५५२३२ | ३३४४४२ | ९४.१४ |
| | प्रदेश | २५९२१ | २५९२१ | १०० |
| समपुरक अनुदान | सङ्घ | ४०९८ | १०९४ | २७ |
| | प्रदेश | ५९७० | | १०० |
| विशेष अनुदान | सङ्घ | १०६०० | १०६०० | १०० |
| | प्रदेश | २६४२ | २६४२ | १०० |
| राजश्व वाँटफाटबाट प्राप्त | | १५०८२९ | १५२४९६ | १०० |
| रोयल्टी | | | | १०० |
| आन्तरिक स्रोत (स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र) | | १४४५१ | १४४५१ | १०० |
| ऋण | | ० | ० | ० |
| अन्य (अ.ल्या. भए खुलाउने ) | | ५५५१५ | ४६०६७ | ८२ |
| जम्मा | | ७६९४३६ | ६५३३८० | |

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८४४४० | ६४४५६ | ७६.३३ प्रतिशत | |
| २ | सामाजिक विकास | ४५६००४ | ३९९८१८ | ८७.७८ प्रतिशत | |
| ३ | पूर्वाधार विकास | १०५०२७ | ६०६४९ | ५७.७५ प्रतिशत | ८४८२६ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १२८६ | १२१३ | ९४.३७ प्रतिशत | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १५०७११ | १२८४५६ | ८५.52 प्रतिशत | |
| | जम्मा | ७९६१०३ | ६५३३८० | ८२.०६ प्रतिशत | |

# वेरुजु सम्वन्धी

- आ.व. २०८१/८२ सम्मको कायम कुल वेरुजु रकम (रु. २०५६१६७८८ रहेको
- आ.व. २०८१/८२ मा फछ्यौंट भएको वेरुजु रकम (रु.) ९७९१७७ (फछ्यौंट भएको रकम
- आ.व २०८१।८२ मा खुद कायम भएको वेरुजु रकम रु ११८८४४६३ प्रतिशतमा ०.६४ प्रतिशत रहेको छ।

# राजश्व तर्फ:

| क्र.सं. | राजश्व शिर्षक | रकम | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १. | सम्पती कर | ३३८३६०३ | ३०००००० | |
| २. | भूमी मालपोत | ११९७९२ | ८०००० | |
| ३. | बहालकर | १२७५९०६ | ९५०००० | |
| ४. | बहालविटौली कर | १०८६०० | | |
| ५. | साना सवारी साधन कर | ३५९९० | २००००० | |
| ६. | अन्य मनोरञ्जन कर | ११५४१३ | ५००० | |
| ७. | कृषि तथा पशु जन्य व्यवसाय कारोबारमा लाग्ने कर | १२०६५० | २५०००० | |
| ८. | अन्य कर | ७३४४ | २०००० | |
| ९ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आए | ८९३३३७ | २५०००० | |
| १०. | न्यायिक दस्तुर | ५९०० | २५००० | |
| ११. | शिक्षा क्षेत्रको आम्दानी | १४११०० | १००००० | |

# राजश्व तर्फ:

| क्र.सं. | राजश्व शिर्षक | रकम | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १२. | परीक्षा शुल्क | ३४९०० | | |
| १३. | अन्य प्रशासनीक सेवाशुल्क | ३८६१२९ | ५००००० | |
| १४. | नक्सा पास दस्तुर | ३१६२१६ | ५००००० | |
| १५. | सिफारिस दस्तुर | ३९३९११५ | ३६००००० | |
| १६. | व्यक्तिगत घटना दस्तुतर | ५९३०५० | ५५०००० | |
| १७. | नाता प्रमाणित दस्तुर | १८७८०० | २१०००० | |
| १८. | अन्य दस्तुर | १९००६० | २००००० | |
| १९. | व्यवसाय रजिष्टेशन दस्तुर | १८३९५० | ३००००० | |
| २०. | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ८००० | २०००० | |
| २१ | अन्य क्षेत्रको आय | १८००० | १५०००० | |

# राजश्व तर्फ:

| क्र.सं. | राजश्व शिर्षक | रकम | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| २२ | प्रशासनीक दण्ड जरिवाना र जफत | १७२००० | ४०००० | |
| २३ | अन्य राजश्व | ३२८७७५ | | |
| २४ | व्यवसाय कर | ७४६३५० | ५००००० | |
| २५ | वेरुजु | ११७८२८९ | ६७०००० | |
| २६ | दहत्तरबहत्तर शुल्क | १३६२२९२५ | ५०००००० | |
| २७ | पर्यटनशुल्क | ४००० | | |
| २८ | फोहोरमैला व्यवस्थापन शुल्क | | ५०००० | |
| २९ | विज्ञापन शुल्क | | २०००० | |
| जम्मा | | २८११७५३९ | १७१९५००० | |
| | | | | |

# जिन्सी तर्फ

## चल अचल सम्पत्तिको विवरण

| सि नं | विवरण | खर्च भएर नजाने सम्पत्ति | खर्च भएर जाने सम्पत्ति | कैफियत |
|---|---|---|---|---|
| १ | गत आ व को मौज्दात | ८५०८४६२५.४९ | १८५२८८९१.३९ | |
| २ | आम्दानी विवरण | ९३०१४८७.९१ | ३०५२००२३.०९ | |
| ३ | खर्च विवरण | १३१७६९१.४१ | २९४६९९३१.३१ | |
| ४ | मौज्दात विवरण | ९३०६८४२१.९८ | १९५७८९८३.१८ | |

## खरिद विधि अनुसारको खरिद कार्य विवरण

| सि नं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सोझै खरिद | ३८१ | |
| २ | दरभाउपत्र | ६९ | |
| ३ | E-bid | ११ | |
| ४ | परामर्श सेवा खरिद | १ | |
| | | | |

## फर्म सूचिकृत सम्बन्धि विवरण

| सि नं | विवरण | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | फर्म सूचिकृत संख्या | ३०४ | |

## ईन्धन सम्बन्धि विवरण

| सि नं | विवरण | खर्च | कैफियत |
| --- | --- | --- | --- |
| १ | डिजेल | २७२५८.१० लि | |
| २ | पेट्रोल | ५४९४ लि | |

## PAMS मा आबद्ध कर्मचारी तथा प्रतिनिधिको विवरण

| सि नं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | PAMS प्रयोगकर्ताको संख्या | १६५ | |

## अनुदान प्राप्तकर्ता सम्बन्धि विवरण

| सि नं | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १ | अनुदान प्राप्तकर्ताको संख्या | ४६ | |
| | | | |

# राजश्व तर्फः

## ब्याबसाय दर्ता तथा नविकरण

नयाँ दर्ताः ५७ वटा

नविकरणः २१६ वटा

जम्माः २७३ वटा

हालसम्म दर्ता भएका जम्मा संख्याः ६३० वटा

नविकरण गर्न वाँकि रहेकाः ३५७ वटा

# राजश्व तर्फः

## अटो रिक्सा

नविकरण भएकाः ३४ वटा

हालसम्म दर्ता भएका जम्मा संख्याः १६७ वटा

नविकरण गर्न बाँकि रहेकाः १३३ वटा



गुर्भाकोट नगरपालिका, सुर्खेत
चिङ्गाड गाउँपालिका
लेकवेसी नगरपालिका
सिम्ता गाउँपालिका
भेरीगङ्गा नगरपालिका
बनगाड कुपिण्डे नगरपालिका
कालीमाटी गाउँपालिका
०
१,५००
३,०००
६,०००
९,०००
१२,०००
मि.
जनसांख्यिक प्रोफाईल
गुर्भाकोट नगरपालिका, सुर्खेत
क्षेत्रफल
कुल जनसंख्या
पुरुष जनसंख्या
महिला जनसंख्या
कुल घरधुरी
२२८.२०
वर्ग कि.मी.
४८,२९६
जना
२२,९८३
जना
२६,०३३
जना
११,७९८
घरधुरी
संकेत
शैक्षिक संस्था
स्वास्थ्य संस्था
वडा कार्यालय
नगरपालिका कार्यालय
सरकारी कार्यालय
मन्दिर
सडक सञ्जाल
बस्ती सिमाना
वडा सिमाना
पालिका सिमाना
जिल्ला सिमाना
आवासिय क्षेत्र
कृषि क्षेत्र
वन क्षेत्र
नदी/खोला

# Health Facility Types No.
















AYURVEDA SERVICE CENTER

Private Hosp./clinic/Polyclinic/Dental



# स्थानीयतहको सामान्य जानकारी

| | | | |
|---|---|---|---|
| जम्मा वडा संख्या | १४ | जिल्ला अस्पताल | १ |
| जम्मा जनसंख्या | ४९०८६ | स्वास्थ्य चौकी संख्या | ६ |
| अनुमानित जिवित जन्म संख्या | ८९४ | शहरी स्वास्थ्य केन्द्र संख्या | ५ |
| १ बर्ष मुनिको जनसंख्या | ८३८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या | ८ |
| १२देखी २३ महिना सम्म | ८०९ | नागरिक आरोग्य केन्द्र | १ |
| ५ बर्ष मुनिको जनसंख्या | ३९५७ | बर्थिङ सेन्टर संख्या | ८ |
| १५-४९ बर्षका विवाहित महिला | ११३०२ | BEoNC | १ |
| अनुमानित गर्भवति संख्या | १०५८ | CEoNC | १ |
| पूर्ण खोप सुनिस्चितता घोषणा भएका वडा संख्या | १४ | खोप क्लिनिक संख्या | २६ |
| स्थानिय तहले सुचिकृत गरेको सुरक्षित गर्भपतन सेवा लागु भएको संस्था संख्या | १ | गाउँघर क्लिनिक संख्या | १८ |
| पूर्ण संस्थागत प्रसूती भएका वडा संख्या | ६ | महिला स्वास्थ्य स्वयंसेविका संख्या | १५६ |
| पोषण मैत्री स्वास्थ्य संस्था संख्या | ० | प्रयोगशाला भएका स्वास्थ्य संस्था संख्या | ५ |
| पूर्ण सरसफाई घोषणा भएका वडा संख्या | १४ | मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था संख्या | १५ |
| सुरक्षित खानेपानी योजना लागु भएका संस्था | १५ | | |

# स्थानियतहकोअन्य स्वास्थ्य सेवा सम्बन्धी जानकारी

| | |
|---|---|
| क्षयरोग डट्स सेन्टर संख्या | १५ |
| HTC केन्द्रको संख्या | 0 |
| माइक्रोस्कोपी केन्द्र संख्या | ४ |
| SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या | १६ |
| सुरक्षित गर्भपतन सेवा केन्द्र संख्या | १ |
| आइयूसिडी सेवा प्रदायक स्वास्थ्य संस्था संख्या | ३ |
| इम्पलान्ट सेवा प्रदायक स्वास्थ्य संस्था संख्या | ८ |
| ५ वटै अस्थाइ परिवार योजना सेवा प्रदान गर्ने स्वास्थ्य संस्था संख्या | ३ |
| किशोर किशोरी मैत्री स्वास्थ्य संस्था संख्या | २ |
| पोषण पुनर्स्थापना गृह वा केन्द्रको संख्या | ० |
| OTC Center संख्या | २ |
| सुरक्षित गर्भपतन सेवा दिने स्वास्थ्य संस्था | १ |
| स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति नियमित बैठक बसेको समिति संख्या | १४ |
| एम्बुलेन्स (चालु अवस्थामा रहेका) संख्या | |

| | |
|---|---|
| सामुदायिक तथा निजि स्वास्थ्य संस्था | ४ |
| सामुदायिक अस्पताल | ० |
| निजि अस्पताल | ० |
| पोलिक्लिनिक | ४ |
| क्लिनिक | 0 |
| डाईगनोस्टिक सेन्टर | 0 |
| प्रयोगशाला | ४ |
| फार्मेसी | ६ |
| स्थानीय तहबाट स्वीकृत निजि स्वास्थ्य संस्था संख्या | 0 |
| खोपको सुक्ष्म योजना भए नभएको | भएको |

# गुर्भाकोट नगरपालिका स्वस्थ्य जनशक्ति विवरण

| | पारामेडिक्स | नर्सिङ्ग | ल्याव | कार्यालय सहयोगी | जम्मा |
|---|---|---|---|---|---|
| करार | १८ | १४ | ४ | २६ | ६२ |
| स्थाई | २० | १३ | ० | २ | ३५ |
| साझेदार संघ संस्था | ३ | ० | ० | ३ | ३ |
| आयुर्वेद | १ | ० | ० | ० | १ |
| जम्मा | ४२ | २७ | ४ | ३१ | १०१ |

# वार्षिक वित्तीय प्रगति विवरण, आ.व. २०८२/८३

| प्रदेश तर्फ | | | संघीय सर्शत | | | स्थानीय तर्फ | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % |
| २९७२ | २८७२ | ९६.६३ | ४३५६० | ४१०३८.५८२ | ९४.२१ | ३४३३८ | २९१८८.०६४ | ८५.००२ | ८०८७० | ७३०९८.६४६ | ९०.३९ |

# साझेदार संघसंस्थाहरु:

- सुन्दर नेपाल संस्था पोषण परियोजना
- EPIC, MNCH and Nutrition Project
- CMC Nepal
- Birat Nepal Medical Trust BMNT
- MPDS
- INF Shining hospital
- IPAS and SAC Nepal
- Brinoj
- Nepal Redcross Society
- Neapl Netrajyoti Sang
- Navjyoti Center /Najret Society
- WHO
- UNICEF
- SAMI

# मुख्य क्रियाकलापहरु




खोप



पोषण कार्यक्रम




बाल स्वास्थ्य कार्यक्रम

# मुख्य क्रियाकलापहरु




सुरक्षित मातृत्व



परिवार योजना



उपचारात्मक सेवा

# मुख्य क्रियाकलापहरु




स्वास्थ्य प्रवर्धन




अभिलेख तथा प्रतिवेदन

# उपलब्धिहरु

## भौतिक पूर्वाधार

- १४ वटै वडाहरुमा मापदण्ड आधारभुत स्वास्थ्य संस्था
- यस आ.व २०८२/०८३ मा ५ वटा स्वास्थ्य संस्थामा अपाँङ्ग मैत्री शौचालय निर्माण
- आवश्यकता पहिचान गरि१० वटा स्वास्थ्य संस्थाहरुको मर्मत संभार
- सेवाग्राहीका लागि ४ वटा स्वास्थ्य संस्थामा प्रतिक्षालय निर्माण

# उपलब्धिहरु

## औजार,उपकरण तथा आपुर्ति व्यवस्थापन

- ७ वटै वर्थिङ्ग सेन्टरमा BABY WARMER MACHINE को उपलब्धता
- ग्रामिण भिडियो एक्सरे (RUSG) मेसिन
- THERMOCOGULATOR MACHINE
- आधारभुत स्वास्थ्य सेवाका लागि आवस्यक औजार तथा उपकरणको व्यवस्थापन रहेको
- स्वास्थ्य संस्थामा सूचिकृत अत्यावस्यकीय औषधीको E-BID प्रणाली मार्फत खरिद भई माग र खपतमा आधारित प्रणाली मार्फत आपुर्ती व्यवस्थापन मिलाइएको

## उपलब्धिहरु

## जनशक्ति व्यवस्थापन तथा शुसाशन

- गुर्भाकोट नगरपालिका १४ वटा वडामा रहेका १९ वटा स्वास्थ्य संस्थामा प्यारामेडिक्स-४२, नर्सिङ्ग-२७, ल्याव-५, कास-३१,सहयोगी कर्मचारी-३१ जना गरि जम्मा १०१ जना जनशक्ति रहेको
- स्वास्थ्यकर्मीहरुलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक क्षमता अभिवृद्धिको कार्यक्रम गरिएको
- स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवा प्रवाहलाई थप प्रभाकारी र व्यवस्थित वनाउन पालिकाले विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वय र सहकार्यमा स्थलगत अनुशिक्षण,परामर्श,प्रोत्साहनका क्रियाकलाप गरिएको
- स्वास्थ्यका कार्यक्रम जवाफदेही र पारदर्शी वनाउनका लागि १० वटा स्वास्थ्य कार्यक्रमको सामाजिक परिक्षण गरिएको

# नविनतम कार्यहरु

| क्रियालापहरु | संचालन प्रक्रिया | उपलब्धिहरु |
|---|---|---|
| समुदायमा आधारित स्वास्थ्य पर्वद्धन कार्यक्रम | निर्देशिका तयार गरी जनप्रतिनिधि, स्वास्थ्यकर्मी र मस्वासेको सक्रियतामा १५६ वटै आमा समूहमा सञ्चालन भएको | ▪ नसर्ने रोगहरुको पहिचान भएको<br>▪ आमा समूहको सुदृढिकरण भएको<br>▪ बालबालिकाको औषत भेटमा वृद्धि<br>▪ सामाजिक अन्तरसम्बन्धमा वृद्धि |
| नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम | गुर्भाकोट नपाको आयोजना र सामाजिम विकास मन्त्रालय एवं मेहेलकुना अस्पतालको सहयोगमा १४ वटै वडामा उच्चरक्तचाप, मधुमेह र मृगौलाको जाँच गरेको | ▪ समुदायमा नसर्ने रोगको अवस्थाको बारेमा जानकारी<br>▪ स्वास्थ्य योजना तर्जुमा गर्नलाई तथ्यांक उपलब्ध भएको |
| HPV/DNA र VIA जाँच शिविर | जिल्लाकै प्रथम पटक महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्वा.क. र मस्वासेलाई अभिमुखीकरण गरी शिविर/सेटेलाईट क्याप संचालन | ▪ Screening भएको<br>▪ Case पत्ता लागेको<br>▪ पालिकाकै जनशक्तिबाट थर्मोकगुलेटर द्वारा उपचार/प्रेषण |
| ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम | सेवाको पहुँचबाट टाढा रहेका गर्भवती आमाहरुलाई स्वा.स. को सहकार्यमा निशुल्क गर्भ अवस्थाको जाँच गरेको | ▪ ग्रामिण अल्ट्रासाउण्डबाट गर्भको जटिलता पत्ता लागेको/प्रेषण<br>▪ RUSG ३३७ जना |

# नविनतम कार्यहरु

| क्रियालापहरु | संचालन प्रक्रिया | उपलब्धिहरु |
|---|---|---|
| मानसिक स्वास्थ्य | स्वा.क. तालिम ३५ जना, विशेषज्ञ शिविर, उपचार, फलोअप, परामर्श, प्रेषण, व्यवस्थापन तथा पुनःस्थापना | ▪ मानसिक समस्या भएका व्यक्तिहरुको पहिचान, खुल्नु<br>▪ स्वा.स.मा सेवाग्राहीको संख्या बढ्नु<br>▪ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको उपचारको दायारामा आएको |
| पोषणको लेखाजोखा तथा व्यवस्थापन | १४ वटै वडाका स्वा.क. र मस्वासेलाई अभिमुखीकरण गरी समुदायस्तरमै कार्यक्रम संचालन गरेको | ▪ ३१५५ जनाको पोषणको लेखाजोखा भएको<br>▪ १२७ जना मध्यम सिघ्र कुपोषण<br>▪ २५ जना कडा सिघ्र कुपोषण<br>▪ ७२ जना कुपोषित १०० दिने आमा<br>▪ पोषण भौचर सहित उल्लेखित कुपोषित बालबालिकाहरुको व्यवस्थापन भएको |
| पालिका/वडास्तरीय RRT को गठन तथा अभिमुखीकरण | पालिका र १४ वटै वडामा RRT को गठन गरी RRT लाई विपद सम्बन्धि तालिम उपलब्ध गराएको | ▪ विपदको समयमा प्रतिकार्यका लागि आपतकालिन स्वास्थ्य सामाग्री तथा जनशक्ति सहितको टोली पालिका तथा वडा स्तरमा तम्तयार अवस्थामा रहेको |
| निशुल्क एम्बुलेन्स सेवा | जेष्ठ नगरिक र सुत्केरीलाई जटिलता भएका प्रेषण गर्नु परेमा रिफरल सेन्टर | ▪ रिफर भएका ११५ जना सुत्केरी र १९७ जना जेष्ठ नागरिकले सेवा |

# शिक्षा तर्फ

# आधारभुत विवरण

- शैक्षिक संस्था ८५ विद्यालय ( ७२+१३)
- सामुदायिक क्याम्पस २ वटा
- प्राविधिक शिक्षालय १ वटा
- सा सि के ३ वटा
- शैक्षिक जनशक्ति शिक्षक ३६६ विद्यालय कर्मचारी सहित ५१८
- कुल विद्यार्थीहरु १३१५७ सामुदायिक/ संस्थागत समेत

( ८७९९+ ४३५८)= १३१५७

# शिक्षा तर्फ

- नियमित प्रधानाध्यापक बैठक तथा शैक्षिक व्यवस्थापन तालिम ६ पटक सम्पन्न गरिएको
- आधारभुत शिक्षा उत्तिर्ण परीक्षा कक्षा ८ लाइ केन्द्रगतरुपमा संचालन गरी नतिजा विश्लेषण गरिएको जस अनुसार सहभागि १०३७ मध्येबाट ७४७ जना ग्रेडेड भइ ७२ प्रतिशत सक्षमता हाँशिल भएको
- अभिभावक र विद्यालय संग अन्तर्क्रिया र संवाद कार्यक्रम ११ वटा वडामा संचालन गरी शैक्षिक अन्तर्क्रिया संवाद मार्फत विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक र स्थानीय सरकारबीच अन्तरसम्बन्ध विस्तार भइ शैक्षिक अपनत्वमा विकास भएको
- नगर स्तरमा शिक्षक दरबन्दि मिलान गरी शैक्षिक समता गुणस्तर र पहुँचमा टेवा पुगेको
- न्युन विद्यार्थी संख्या र भौगोलिक विकटता तथा उच्च विद्यार्थी चापलाई मध्यनजर गरी नगर स्तरबाट आवश्यक संख्यामा शिक्षण सिकाइ अनुदान व्यवस्थापन गरिएको
- शैक्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गरिएको

# शिक्षा तर्फ

- विश्वखाद्य कार्यक्रम र गुर्भाकोट नगरपालिकाको साझेदारीमा संचालित स्थानीय उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम अन्तर्गत सरोकारवालाहरु संग अन्तर्क्रिया र कार्यशाला कार्यक्रमहरु सम्पन्न गरिएको जसबाट सम्पुर्ण विद्यालयका वि व्य स तथा प्रअ र दिवाखाज पकाउने जनशक्ति प्रत्येक्ष रुपमा लाभान्वित भएका
- स्थानीय पाठ्यक्रम **हाम्रो गुर्भाकोट** अनुसार कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक लेखन तथा सम्पादनको कार्य सकिएको र छपाइ कार्य प्रक्रियामा रहेको
- शैक्षिक सुशासन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विद्यालय अनुगमन छलफल तथा शैक्षिक तथ्यांक व्यवस्थापन गरी विवरण संप्रेषण गरीएको
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम तथा शैक्षिक पहुँच अभिवृद्धि गर्न भर्ना अभियान र अभिभावक शिक्षा कार्यक्रम संचालन गरिएको
- प्र अ तथा विद्यालयहरुसंग शैक्षिक सुधारको सामुहिक प्रतिबद्धता तथा द्धिपक्षिय कार्यसम्पादन सम्झौता गरिएको

# शिक्षा तर्फ

**British Council र गुर्भाकोट नगरपालिकाको साझेदारीमा सम्पन्न कार्यक्रमहरु**

- अंग्रेजी विषय शिक्षक र अन्य विषयका शिक्षकहरुलाई चरणगत तथा समूहगत तालिम सञ्चालन गरी शिक्षकको पेशागत क्षमता विकासमा सहयोग पुऱ्याइएको
- सामुदायिक विद्यालयका प्रद्यानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघको अध्यक्षहरुलाई ३ दिने SIP निर्माण र विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यशाला सम्पन्न गरिएको
- स्थानीय विज्ञ रोष्टर तयार पारी शिक्षकको कक्षाकोठा मै सुपरिवेक्षण गरिने व्यवस्था मिलाइएको साथै कार्यमुलक अनुसन्धानलाई व्यवहारिक र प्रभावकारी बनाउनका लागि स्थानीय विज्ञ प्रशिक्षक परिचालन गरि शैक्षणिक सहायता प्रदान गरिएको

# शिक्षा तर्फ

- ७१ वटा सामुदायिक विद्यालयको कक्षा १ देखि ३ सम्म अध्यापन गर्ने शिक्षकहरुलाई एकिकृत पाठ्यक्रम सम्बन्धी २ दिने कस्टमाइज तालिम सम्पन्न गरिएको।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत ७१ वटा विद्यालयहरुका ७८६३ विद्यार्थीहरुलाई विभिन्न अनुदानहरु प्रदान गरिएको
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन फिक्सिङ, किताब खरिद तथा ई पुस्तकालय श्री जनसेवा मा.वि. सहारेलाई उपलब्ध गराइएको।
- विद्यालय पुर्वाधार सुधार कार्यक्रम अन्तरगत २५ विद्यालयको मर्मत संभार तथा सरसफाइ कार्य सम्पन्न गरिएको
- नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनका लागि ने रा मा वि बडाखोलीलाइ कार्यसम्पादनमा आधारित अनुदान प्रदान गरिएको

# शिक्षा तर्फ

- ५ वर्षे शिक्षा क्षेत्र योजना परिमार्जन तथा अध्यावधिक गरी जारी गरिएको
- पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड छनौट तथा मेयरकप सञ्चालन गरि जिल्लास्तरमा सहभागिता जनाइ खेलकुद विकास तथा प्रवर्द्धन गरिएको ।
- नव प्रवेशि शिक्षकलाई पेशागत सहयोग गर्नका लागि शिक्षक मेन्टरिङ्ग कार्यक्रम कार्यान्वयन गरिएको ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विद्यालय उमेर समूहको विद्यालय बाहिर रहेका बालवालिकाहरुको तथ्यांक संकलन गरी सिकाइ निरन्तरताको लागि आवश्यक तयारी गरिएको ।
- आधारभूत र माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको बालक्लब गठन गरी विद्यालयगत विभिन्न कार्यक्रमहरु संचालन गरिएको

# शिक्षा तर्फ

- सार्वजनिक विद्यालयमा अध्ययनरत आवासीय तथा गैर आवासीय कक्षा १ देखि ५ सम्मका १३०९ छात्राहरुलाई गैर आवासीय छात्रा छात्रवृत्ती, कक्षा १ देखि ५ कक्षा सम्मका ५३३ दलित छात्र, छात्राहरुलाई गैर आवासीय दलित छात्र छात्रवृत्ती र अपाङ्गता भएका कक्षा १ देखि १२ सम्मको ३३ जना र २५ जना विद्यार्थी आवास सुविधा) विद्यार्थीका लागि छात्रवृत्ती निकासा दिइएको।

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विपन्न लक्षित छात्रवृत्तीका लागि छनौट भएका कक्षा (६-१२) मा अध्ययनरत १३८ विद्यार्थीको लागि विपन्न लक्षित छात्रवृत्ति वितरण गरिएको।

- सामुदायिक विद्यालयमा अध्ययनरत (कक्षा १ देखि १० कक्षा सम्मका) ७५३७ जना विद्यार्थीहरुको लागि पाठ्यपुस्तकको रकम निकासा गरिएको।

# शिक्षा तर्फ

- विद्यालयमा शैक्षिक सूचना अध्यावधिक तथा सूचना प्रविधिको प्रयोग सम्बन्धि २ दिने कार्यशाला सम्पन्न गरिएको
- शैक्षिक गुणस्तर परिक्षण तथा विद्यालय स्तरिकरण कार्य सम्पन्न गरिएको
- ReAl Plan अन्तर्गत विद्यार्थीको सिकाइ अवस्थामा सुधार गर्न प्रथम र दोश्रो चरणमा सिकाइ अवस्था पहिचान तथा रिमेडियल क्लास संचालनको लागि ७१ शिक्षकहरुलाइ अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- सिकाइ अवस्था पहिचान तथा सुधारका लागि सरोकारवालाहरु संग अन्तर्किया सम्पन्न गरिएको जसबाट आगामी सिकाइ रणनीति तयारी गरि कार्य प्रारम्भ गर्ने प्रतिबद्धता भएको

# शिक्षा तर्फ

- शिक्षा समिति, परीक्षा समिति, दिवाखाजा व्यवस्थापन समिति तथा शिक्षा शाखा मार्फत नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण तथा रिपोटिङ गरिएको
- नगर स्तरिय कार्यप्रगति अर्धबार्षिक तथा बार्षिक रुपमा शैक्षिक सरोकारवालाहरुसंग समिक्षा गरी सम्बन्धित निकायहरुमा संप्रेषण गरिएको
- स्थानीय वडा तथा नगर स्तरमा क्रियाशिल युवा क्लबहरु संगको समन्वयमा विभिन्न प्रतिभा पहिचानका प्रतियोगिता कार्यक्रमहरु संचालन गरी खेलकुद र प्रतिभा प्रष्फुटन मार्फत युवा सशक्तिकरण र सहभागितामा अभिवृद्धि गरिएको
- शिक्षा संग सम्बन्धित विषयहरुमा विभिन्न संघ संस्था तथा व्यक्तिहरुसंग छलफल बैठक तथा साझेदारी  मार्फत शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइएको
- समग्रमा शिक्षा तर्फको कार्य प्रगति ९२ प्रतिशत रहेको।

## शिक्षा तर्फका मुख्य मुख्य चुनौती तथा समस्याहरु

- नीतिगत तथा कानुनी अन्यौलता
- तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दि व्यवस्थापन
- पहुँच, सक्षमता र सान्दर्भिकतामा सुधार (वैयक्तिक तथा संस्थागत)
- शैक्षिक गुणस्तरमा सुधार
- सार्वजनिक शिक्षामा सरोकारवालाहरुको अपनत्व तथा सहभागितामा अभिवृद्धि
- पेशागत शैक्षणिक सहजीकरण तथा पृष्ठपोषण
- शिक्षामा सूचना प्रविधिको उपयोग
- पेशागत सुरक्षा तथा वृत्ति विकासको प्रत्याभुति

## शिक्षा तर्फका मुख्य मुख्य अवसरहरु

- संवैधानिक रुपमा तीनै तहको एकल तथा साझा अधिकार क्षेत्रमा समेटिनु
- राजनीतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता (प्राथमिकतामा पर्नु)
- सरोकारवाला तथा शैक्षिक साझेदारहरुको चासो तथा समन्वयमा अभिवृद्धि
- शिक्षामा नवीनतम् प्रविधिको विकास ( वैकल्पिक अवसरहरुको उपलब्धता )
- शैक्षिक पहुँचमा वृद्धि हुनु , लैंगिक समतामा सुधार
- नागरिक तथा सामाजिक सचेतनामा सुधार हुनु
- अधिकारमा आधारित शिक्षा प्रणालीको विकास
- आदि…………।

# आ.ब.२०८२/०८३ मा पशुसेवा तर्फको बार्षिक प्रगति

- ५० प्रतिशत अनुदानमा घांस काट्ने हाते चारामेसीन बितरणः— ७२ थान खर्च रकम ४,३७,२२० रुपैया
- ५० प्रतिशत अनुदानमा घांस काट्ने बिधुतिय चारामेसनि बितरणः — ५१ थान खर्च रकम ७,६८,६९७.५ रुपैया
- दूधमा अनुदान कार्यक्रम खर्च रकम रु. ५,०४,८१०।- कृषक संख्या २५९ जना
- ५० प्रतिशत अनुदानमा cowmat वितरण ४८ थान खर्च रकम १,६८,००० रुपैया
- ७० प्रतिशत अनुदानमा टियोसेन्टी घांसको बिउ बितरणः — ३५० के.जी.खर्च रकम ४२,००० रुपैया
- पशुपन्छी उपचारको लागी औषधी खरिदः— ४ पटक खर्च रकम १०,३४,३०० रुपैया ४१५७९ वटा पशुपन्छिहरुमा उपचार सेवा पुगेको
- ७० प्रतिशत हिउदे घांसको बिउ बितरणः — बर्षिम, जै र भेच जम्मा २००४.५ के.जी खर्च रकम ६,४९,९४७.५ रुपैया

- ५० प्रतिशत अनुदानमा गोठ खोर सूधार ३७ जना कृषक संख्या लाभान्वित खर्च रकम रु.४,१६,०३६ रुपैया
- पशु बाँझोपन निवारण  Dorr to Door कार्यक्रम खर्च रकम  २,००,००० रुपैया .९६ जना घरधुरी कृषकहरु लाभान्वित
- नगरपालिकामा दर्ता नबिकरण भएका फर्महरू लाई खनिज पदार्थ वितरण खर्च रकम १,५०,००० रुपैया ३२  जना पशुपालन गर्ने  फर्महरु लाभान्वित
- पशुपालन अशल अभ्यास तालीम सहभागी संख्या महिला १५  र पुरुष १४ जना गरि जम्मा सहभागी २९ जना खर्च रकम १,९१,८४० रुपैया
- १ दिने निशुल्क पशु स्वास्थ्य शिबिर ६ स्थानमा संचालन गरि ७९७६ पशुपन्छीहरुमा उपचार सेवा दिएको  खर्च रकम २,६४,४४६ रुपैयाँ
- लागत साझेदारीमा डेरी पसल सूधार १० नं . र १२ नं . वडामा २ वटा सहकारी तथा दूध संकलन केन्द्र खर्च रकम १,५०,००० रुपैया

## संघिय सरकार सशर्त बिशेष र सम्पुरक अनुदान द्वारा

## संचालित कार्यक्रमहरु :

- कृतिम गर्भाधान मिसन कार्यक्रम बिनियोजन रकम ५०,००० रुपैया
- खर्च रकम ५०,००० रुपैया
- पशुपन्छिमा माहामारी /आकस्मिक रोग नियन्त्रण कार्यक्रम कार्यक्रम बिनियोजन रकम ५०,००० रुपैया
- खर्च रकम ५०,००० रुपैया

## संघिय सशर्त  अनुदान नेपाल जलवायु नमुना कार्यक्रम द्वारा

## संचालित कार्यक्रमहरु :

- वडा नं . ३  बायाकाडा बथानडाडा नश्ल सुधार तथा शिबिर संचालन बिनियोजन रकम ३,००,००० रुपैया
- खर्च रकम २,९८,७१० रुपैया
- खोलाडाव बाख्रा खोर सूधार कार्यक्रम बिनियोजन रकम १०,००,००० रुपैया नयाँ बाख्रा खोर सुधार ३ घरधुरी र पुरानो बाख्रा खोर सूधार १० घरधुरी  जम्मा खर्च ४,६९,९०९.८२ रुपैया

## पशुपन्छी बिकास निर्देशनालय संगको समन्वयमा

## संचालित कार्यक्रमहरु :

- भेडा बाख्रामा पि.पि.आर खोप लगाएको संख्याः— २५७५९
- गाई,भैसी,सुँगुर र  बंगुरमा खोरेत रोग बिरुद्धको खोप लगाएको संख्याः— ७६८८
- गाई,भैसीहरुमा लम्पी स्किन रोग बिरुद्धको खोप लगाएको संख्याः— ३२७७
- कुकुरहरुमा रेबिव बिरुद्धको खोप लगाएको संख्याः— ८५७

## आ.ब २०८२|८३ का कृषि विकास शाखाका मुख्य उपलब्धीहरु

- ७७०० केजी उन्नत धानको वीउ, ८०१० केजी गहुँको वीउ र ४३०० केजी मकैको विउ  वितरण भई ८ सहकारी , ३५ समुह र ९०० किसान लाभान्वित भई खाद्य उत्पादनमा वृद्दी भई खाद्य सुरक्षामा सघाउ
- ४५०० दाना पि.बि.एस आलुको वीउ, ४४.८ मे.ट दोस्रो र तेस्रो पुस्ताको वीउ आलु वितरण भई ४४८ मे.टन उत्पादन भई ४२ मे.ट आलुको वीउ भण्डारण भएको २ वटा सहकारी १२ कृषक समुह र १०० कृषक लाभान्वीत
- ३४०० प्याकेट च्याउको वीउ वितरण भई ३ सहकारी ३० समुह र २०० घरधुरी लाभान्वित भई पोषणमा सुधार आएको
- २४ वटा पक्की टनेल निर्माण भई करिब करिव ३.५ रोपनी संरक्षित क्षेत्रमा तरकारी खेतीको विस्तार भएको

- ३०० प्याकेट टमाटर, खुर्सानी, काउली र बन्दाको हाईब्रिड जातका वीउ वितरण भई तरकारीको उत्पादमा वृद्दी भई कृषकको आयार्जनमा सुधार

- २ वटा वाली उपचार शिविर संचालन भई १३२ प्याकेट ढुसीनासक विषादी वितरण ५० कृषक परिवार लाभान्वित

- रोग तथा किरा नियन्त्रण कार्यक्रम अन्तर्गत ७९५ प्याकेट ढुसीनासक, २०० प्याकेट किटनासक र २५० वटा जैविक विषादी, ल्युर, ट्र्याप वितरण भई किसानहरुलाई रोगकिरा पहिचानमा सघाउ पुगी कृषि उत्पादमा वृद्दी भएको

- १५६ आमा समुहमा ४२०० प्याकेट तरकारीको मिनिकिट वितरण भई पोषण सुधारमा सघाउ पुगेको

- ५८ वटा मिनिटिलर, ७ वटा फुट स्प्रे, २६ वटा विद्युतिय स्प्रे, र ७ वटा मेज प्लान्टर वितरण भई कृषि यान्त्रीकरणमा सघाउ पुगेको जसले समयको बचत भई कृषि उत्पादनको लागत घटाउनमा सहयोग पुगेको

- २ वटा सोलार मटर(5 hp र 20 hp), ५ वटा विद्युतिय मटर(१.५ hp) र १९५० मि पाईप वितरण भई करिब ५ हे. क्षेत्रफलमा सिंचाई सुविधामा वृद्दी भएको
- सुख्खा क्षेत्रमा ३ वटा प्लास्टिक पोखरी निर्माण भई सुख्खा क्षेत्रका ३ जना कृषक लाभन्वित
- सुन्तला बगैचा व्यवस्थापन सम्बन्धी २ दिने तालिम मार्फत ५४ जना सुन्तला कृषक लाभान्वित भई सुन्तला बगैचा व्यवस्थापनमा सहयोग
- जैविक विषादी निर्माण सम्बन्धी तालीम अन्तर्गत ४३ जना कृषकलाई झोलमल र इ.एम वितरण भई जैवीक रोगकिरा नियन्त्रण प्रविधीमा विस्तार
- नयाँ तरकारी पकेट र तरकारी पकेट निरन्तरता कार्यक्रम अन्तर्गत १०८० प्याकेट तरकारीको विउ( काउली, बन्दा, मुला, धनिया, खुर्सानी, टमाटर), क्रेट १२०, हजारी ८० विद्युतिय स्प्रे १५ वटा, रेक ५० वटा वितरण भई तरकारीको उत्पादनमा वृद्दी भई कृषकको आयआर्जनमा वृद्दी
- २७२० घरधुरी किसान सूचीकरण प्रणालीमा आवद्ध भएका
- १६५२ घरधुरीबाट पहिलोचरणको लिष्टिङ्ग सम्बन्धी तथ्यांक संकलन भएको

| कार्यक्रमको नाम | लाभग्राहीको संख्या |
|---|---|
| खाद्यान्न वालीको वीउ वितरण (७ मे.टन धान, ८ मे.टन गहुँ र ४.३ मे.टन मकै) | ८ सहकारी, ३५ समुह, ९०० किसान |
| आलुको पि.बि.एस दाना वितरण(४५०० वटा) | २ सहकारी अन्तर्गत २ किसान |
| आलुको वीउ वितरण(४४.८ मे टन) | २ सहकारी, ४ समुह अन्तर्गत, ३५ किसान |
| च्याउको वीउ वितरण (३४०० प्याकेट) | ३ सहकारी, ३० समूह, २०० घरधुरी |
| तरकारी पकेट(१० टनेल, ४ मिनिटिलर, ५३५ तरकारी बिउ प्याकेट, क्रेट ७०, हजारी ५० विद्युतिय स्प्रे १५, रेक ३०) | १ सहकारी, १२५ घरधुरी |
| तरकारी पकेट निरन्तरता (४ टनेल, ३ मिनिटिलर, तरकारी विउ ४४५ प्याकेट, क्रेट ५०, हजारी ३०,रेक २०) | १ सहकारी, ६० घरधुरी |
| सुन्तला विशेष कार्यक्रम(१ वटा तालिम) | ५४ कृषक |
| | |
| | |

| कार्यक्रमको नाम | लाभग्राहीको संख्या |
|---|---|
| मिनिटिलर वितरण(५ वटा) | ५१ समुह सहकारी |
| विद्युतिय स्प्रे , फुट स्प्रे र मेज प्लान्टर वितरण(२६ स्प्रे, ७ मेज प्लान्टर, ७ फुट स्प्रे) | २ सहकारी, ४ समुह अन्तर्गत ४० कृषक |
| वाली उपचार शिविर(२ वटा) | ५४ कृषक |
| रोगकिरा नियन्त्रण कार्यक्रम(ढुसिनासक, किटनासक, ल्युर, ट्र्याप) | ५६४ कृषक |
| आमा समुहमा तरकारीको मिनिकिट वितरण | १५६ आमा समुह |
| मागमा आधारित(मोटर पाईप र टनेल) कार्यक्रम (१० टनेल, ७ मोटर, १९५० मि. पाईप) | २ सहकारी र ६ समुह अन्तर्गत १५० घरधुरी |
| जैविक विषादी निर्माण तालिम | ५४ कृषक |
| सुख्खा क्षेत्रमा प्लास्टिक पोखरी निर्माण (३ वटा) | ३ कृषक |

# महिला बालबालिका शाखा

- कार्यक्षेत्रः- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, लोपोन्मुख तथा सिमान्तकृत जातजाती, मानव बेचविखन तथा ओसारपसार आदि ।
- महिला सशक्तिकरण अन्तर्गतका कार्यक्रमः-

- महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत ७ दिने क्षमता विकास कार्यक्रम – १ देखि १४ वटा वडा ४५ जना महिला
- लैससास परीक्षण कार्यक्रम - कार्यपालिका सदस्य संघसंस्थाका पदाधिकारी नेपाल प्रहरी विषयगत शाखा प्रमुखहरु ६० जना ३ दिन
- लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन – १ देखि १४ वटा वडामा लाभान्वित संख्या- २००जना
- बालबालिका सम्बन्धी कार्यक्रमः-
- बैक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम – १४५६ जना छोरिको खाता खोलिएको ।

- अपाङ्गता सम्बन्धी कार्यक्रमः-
  - अपाङ्गता परिचयपत्र वितरणः - ६८१ जना
  - अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्याङ्क तथा संकलन शिविर साझेदारी – ८१ जना
  - अपाङ्गता भएका व्यक्तिहरुलाई चप्पल र साबुन बनाउने तालिम ७ दिने - १० जना
  - आदिवासी जनजाती सीपविकास कार्यक्रम।
- लोपोन्मुख तथा सिमान्तकृत जातजाती कार्यक्रम अचार बनाउने ७ दिने तालिम – १० जना।
- दलित ऐन निर्माण कार्यक्रम
- हामी अभिभावक कार्यक्रमः – २६ जना बालबालिकालाई छात्रावासमा राखिएको।
- एकल महिला नर्सरी व्यवस्थापन कार्यक्रम – १५ जना

# सामाजिक सुरक्षा र घटना दर्ता

| सि.न. | घटना | पुरुष | महिला | २०८२ ।०८३ |
|---|---|---|---|---|
| १ | जन्म | ६०८ | ५२५ | ११३३ |
| २ | मृत्यु | १५३ | १३३ | २८६ |
| ३ | सम्बन्ध विच्छेद | | | ९४ |
| ४ | विवाह | | | ५८१ |
| ५ | बसाई सरी गएको | १२९ घर परिवार | ४०२ सदस्य संख्या | |
| ६ | बसाई सरी आएको | १४६ घर परिवार | ४२१ सदस्य संख्या | |

# सामाजिक सुरक्षा लाभग्राही विवरण

| सि.न. | लाभग्राहीको प्रकृती | सङ्ख्या |
|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | २४१३ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ७९९ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ४२३ |
| ४ | विधवा | ६८५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | १२१ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ३०७ |
| ७ | दलित बालबालिका | १५०१ |
| ८ | लोपन्मुख जाति | ८८ |
| जम्मा | | ६३३७जना |

# सामाजिक सुरक्षा भत्ता वितरण रकम

- पहिलो दोस्रो तेस्रो र चौथो गरि ४ वटै किस्ता निकासा भैसकेको चौथो किस्ता वितरण गर्न बाँगी रहेको ।
- वडा नम्बर ७ ,६,१४ र ३ गरि चार वडामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम वडा कार्यालयको साझेदारीमा सम्पन्न भैसकेको
- व्यक्तिगत घटना दर्ता सप्ताह राष्ट्रव्यापी कार्याक्रमको लागि पालिका तथा वडा कार्यालयको तर्फबाट कुनै वजेटको व्यवस्था नभएतापनि वडा स्तरमा संचालनमा ल्याईएको व्यापक प्रचार प्रसार गर्न नसकिएको ।
- पालिकाबाट सिधै लाभग्राहीको खातामा रकम EFT मार्फत डिपोजिट हुने गरेको छ ।
- सम्पूर्ण लाभग्राहीहरुको दर्ता नविकरण वायोमेट्रीक प्रणालीबाट प्रविधिको प्रयोग गर्ने गरिएको छ ।

# रोजगार सेवा केन्द्र

## प्रधानमन्त्री रोजगार कार्यक्रमः-

- रोजगारी पाउनेको संख्याः- १३ जना ।
- औषत ४९ दिन रोजगार पाएको ।
- वडा नं ४ को बार्षिक कार्यक्रम संग लागत साझेदारीमा सिचाई कुलो निर्माण ।
- प्रगति १००% रहेको ।

# रोजगार सेवा केन्द्र

## मुख्यमन्त्री रोजगार कार्यक्रमः-

- रोजगारी पाउनेको संख्या २३१ जना।
- औषत रोजगारी दिनः- ५४.५ दिन।
- प्रगति ९५ % रहेको।
- मुख्य कामहरु सिचाई कुलो ११ ठाउँमा, तटबन्ध २ , खानेपानी पाइपलाइन विस्तार तथा रिजर्व ट्यांकी १ |

# रोजगार सेवा केन्द्र

## बैदेशिक रोजगार तर्फ

- १ जनाको सकुशल खोजतलास तथा उद्दार |
- बैदेशिक रोजगारीमा मृत्यु भएका ३ जनाको शब नेपाल झिकाइएको |
- १ जनालाई पारिवारिक स्वस्थ्य उपचार सेवाको लागि सिफारिस गरेको |
- ९ जना बिद्यार्थीलाई कल्याणकारी सेवा मार्फत छात्रवृत्तिको लागि सिफारिस गरिएको |
- बैदेशिक रोजगारीमा मृत्यु भएका ३ जना व्यक्तिका परिवारका सदस्यहरुलाई क्षतिपूर्तिको लागि सिफारिस गरेको |
- बैदेशिक रोजगारीमा जाने १६३ जनाको श्रम स्वीकृति सेवा प्रदान गरिएको |

# उद्योग तथा व्यवसाय प्रर्वदन शाखा तर्फः

# उप प्रमुख उद्यमशिलता कार्यक्रम अन्तरगत संख्यात्मक उपलव्धि विवरण

| सि.न. | सिप विकास तालिमको नाम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
